त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाण्डौ, नेपाल

पत्र संख्या
च.नं. ४८३/०७२/७३

मिति : ०७२।८।१७

श्रीमान् क्याम्पस प्रमुख ज्यू,

..................क्याम्पस,

.........................

विषय : **Guideline** पठाएको बारे ।

उपरोक्त विषयमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतको विद्यापरिषद् स्थायी समितिको मिति २०७२ मंसिर ११ गते बसेको बैठकको निर्णयानुसार पारित भएको B.Sc. चौथो वर्षको Project Work(PRO 406) सम्बन्धि विस्तृत Guideline यसै साथ संलग्न गरि पठाइएको छ । सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

SNShah
सत्यनारायण साह
सहायक डीन

टेलिफोन: ९७७-१-४३३०८४४ फ्याक्स: ९७७-१-४३३१७५५ Website: www.tuiost.edu.np E-mail: dean@tuiost.edu.np

# B.Sc. चौथो वर्षको Project Work (PRO406) सम्बन्धमा विस्तृत Guideline

१) **परिभाषा :** B.Sc. चौथो वर्षको Project Work ले विद्यार्थीहरूलाई आ-आफ्नो विषयमा अनुसन्धान कार्यको विविध चरणहरू एक पद्धति अनुसार सिक्ने तथा अनुसन्धान पश्चात निष्कर्षहरूलाई प्रभावकारीरूपले प्रस्तुती गर्ने योग्यता हासिल गर्ने अवसर दिने छ । विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक कार्यक्रम हरूको जुनसुकै विषयको Project Work भएता पनि निम्नलिखित ३ (तीन) तथ्यहरू समेटिएको अनुसन्धान कार्य हुनु पर्ने छ ।

क) सबन्धित विषय अन्तर्गत रहि पहिचान गरिएको अनुसन्धान निश्चित क्षेत्रमा Literature Review गरि समस्याको पहिचान गरिएको हुनुपर्ने छ । अर्थात 'problem identification through literature review' अनिवार्य हुने छ ।

ख) पहिचान गरिएका समस्याहरूलाई कुनै पद्धति (Methods) द्वारा हल गर्नु पर्ने छ ।

ग) Guideline मा उल्लखित शीर्षक/उप-शीर्षकभित्र रही मौलिक लेखन र मौलिक प्रस्तुति गर्नु पर्ने छ ।

२) **प्रकृति :** Project Work मा काम गर्ने विद्यार्थीहरू समूह वा एकल रही कार्य गर्न सक्ने छन् ।

क) **एकल :** एक सुपरिवेक्षकले एक विद्यार्थीलाई सुपरिवेक्षण गरि तयार गरिएको वा एक सुपरिवेक्षक र सह-सुपरिवेक्षकहरूको अधिनमा रही एक विद्यार्थीले तयार गरेको ।

ख) **संयुक्तः** एक सुपरिवेक्षक तथा सह-सुपरिवेक्षकहरूको सुपरिवेक्षणमा बढीमा ५ (पा□च) विद्यार्थीहरू सम्मिलित २ वटा समूह अनुसन्धान कार्य गरी तयार गरिएको । संयुक्त Project Work गरे पनि हरेक विद्यार्थीले छुट्टाछुट्टै आफ्नौ मौलिक व्याख्या, निष्कर्ष र प्रस्तुति हुनु पर्ने छ । हरेक विद्यार्थीले छुट्टछुट्टै Project Report बुझाउनुको साथै प्रस्तुति समेत छुट्टै गर्नु पर्नेछ ।

## ३) सुपरिवेक्षक तथा सह-सुपरिवेक्षक :

क) **सुपरिवेक्षक :** सुपरिवेक्षणको लागि निम्नानुसारको योग्यता हुनुपर्नेछ ।

अ) चारवर्षे B.Sc. प्रणाली अन्तर्गत वर्षको पाठ्यक्रमको कम्तिमा एक सैद्धान्तिक विषयको कक्षँ लिएको वा लिईरहेको जो सुकै शिक्षक (प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक वा शिक्षण सहायक) ले B.Sc. चौथो वर्षको Project Work सुपरिवेक्षण गर्न सक्नेछ ।

आ) त्रि.वि.को अवकाश प्राप्त प्राध्यापक, सह तथा उप-प्राध्यापकहरूले सुपरिवेक्षण गर्न सक्नेछ । अवकाश प्राप्त शिक्षकहरूले विगतमा शोध कार्य वा अनुसन्धान कार्य गरेको हुनुपर्नेछ ।

ख) सह-सुपरिवेक्षण : सह-सुपरिवेक्षणको लागि निम्नानुसारको योग्यता हुनुपर्नेछ ।

अ) त्रि.वि.मा विद्यावारिधि अनुसन्धान कार्यमा संलग्न सम्बन्धित विषयको शोधकर्ताले सह-सुपरिवेषण गर्न सक्ने छ ।

आ) सम्बन्धित विषयमा M.Sc. शोधकार्य गरी स्नातकोत्तर तह उतिर्ण गरि त्रि.वि.को कुनै क्याम्पसमा आंसिक अध्यापन गराउने जो सुकैले पनि सह-सुपरिवेक्षण गर्न सक्ने छ ।

इ) नेपाल सरकार अन्तर्गतका निकायहरू, अन्य शैक्षिक संस्थानहरू, अस्पताल, NGO हरू आदीमा कार्यरत विषयविज्ञहरूले सह-सुपरिवेक्षण गराउन सक्ने छन् ।

ई) वुदा ३ (क) को (अ) र (आ) अनुसारका सुपरिवेक्षकहरूले आफ्नो रूची र आवश्यकता अनुसार सह-सुपरिवेक्षकको रूपमा संलग्न हुन सक्ने छन् ।

४) **विद्यार्थीको योग्यता :** B.Sc. चौथो वर्षमा अध्ययनरत निम्नानुसार योग्यता भएका विद्यार्थीहरू Project Work को लागि क्याम्पसमा आवेदन दिन सक्ने छन् ।

क) B.Sc. प्रथम तथा दोस्रो वर्ष नियमित परीक्षार्थी भई उतीर्ण भएका विद्यार्थीहरू मध्येबाट Merit list अनुसार ।

ख) B.Sc. प्रथम वा दोस्रो वर्ष मध्ये कुनै एक वर्षको नियमित परिक्षार्थी भई उतीर्ण भएकाहरू मध्येबाट Merit list अनुसार ।

ग) प्रथम तथा दोस्रो वर्ष नियमित परीक्षार्थीको रूपमा अनुर्तिण भएका विद्यार्थीहरूले Project Work गर्न पाउने छैनन् ।

क्याम्पसको सबन्धित विभागले ४ (क) लाई पहिलो प्राथमिकता र ४(ख) लाई दोस्रो प्राथमिकतामा राख्नु पर्नेछ ।

५) **आवेदन दिने व्यवस्था :** Project Work गर्न इच्छुक विद्यार्थीले निम्नानुसारको व्यवस्था अनुसारले आवेदन दिनु पर्ने छ ।

क) सम्बन्धित विषयको चौथो वर्षको विद्यार्थीले प्रथम तथा दोस्रो वर्षको प्रमाणित मार्कसिट संलग्न राख्दै आफ्नो क्याम्पसको सम्बन्धित विभागमा विभागीय प्रमुखलाई सम्बोधन गर्दै आवेदन दिनु पर्ने छ ।

ख) आवेदन दिएका विद्यार्थीहरू मध्येबाट वुंदा ४(क) र ४(ख) अनुसार विभागीय प्रमुखले सूचि प्रकाशन गर्नेछ ।

ग) प्रकाशित सूचिका विद्यार्थीहरूले आ-आफ्नो रूचि अनुसारको सुपरिवेक्षक खोज्न आफै पहल गर्नु पर्ने छ । सुपरिवेक्षकले विद्यार्थीको रूचि र योग्यताको परिक्षण गरी विद्यार्थी छान्न सक्ने छन् । सुपरिवेक्षकले आवश्यकता अनुसार सह-सुपरिवेक्षकको लागि आफैले पहल गर्नेछ ।

घ) सुपरिवेक्षक निश्चित भईसकेको लिखित जानकारीको आधारमा विभागले Project Work को लागि विद्यार्थीको नाम दर्ता गरी क्याम्पस प्रमुखलाई जानकारी गराउनु पर्ने छ ।

ङ) एक सुपरिवेक्षकले एकै समयमा संयुक्त भए जम्मा १० जनालाई र एकल भए ५ जनालाई सुपरिवेक्षण गर्न सक्ने छ ।

६) **आर्थिक व्यवस्था** : क्याम्पसले निम्नानुसारको पहल गर्नु पर्नेछ ।

क) क्याम्पसले Project Work को लागि आवश्यक संशाधनहरू जस्तै प्रयोगशाला, कम्प्युटर, लाईबेरी तथा विशेष अनुसन्धान कक्षाहरू वृद्धी गर्न हरेक विद्यार्थीबाट प्रथम, दोस्रो, तेस्रो तथा चौथो वर्षमा भर्ना हु'दा विगतमा लिइएको शुल्कमा प्रति वर्ष रू. १०००।- थप रकम Laboratory Development Fund (LDF)' को लागि उठाउनु पर्नेछ । उक्त रकम क्याम्पसले अनुसन्धान सम्बन्धि कार्यमा आवश्यक संशाधनहरू जुटाउन मात्र खर्च गर्न पाउने छ ।

ख) Project work को लागि सम्बन्धित विभागको सिफारिसमा क्याम्पस प्रमुखले डीनको कार्यालयको निर्देशन अनुसार प्रति विद्यार्थी रू. ८,०००।- शुल्क उठाउने पर्नेछ । Project work को दर्ता प्रकृयासंगै उक्त तोकिएको रकम विद्यार्थीले बुझाउनु पर्नेछ ।

ग) **खर्चको व्यवस्था**

अ) वुदा□ ६ (क) अनुसारले संकलित LDF (Laboratory Development Fund) को रकम क्याम्पसले B.Sc. तहको अनुसन्धान सम्बन्धि कार्यमा मात्र खर्च गर्न सक्ने छ । उक्त संकलित रकम क्याम्पसले आफ्नो बजेटमा छुट्टै शिर्षकमा राखि विज्ञान तर्फको विभागिय प्रमुखहरूको सहभागितामा संचालन गर्न डीनको कार्यालयले आवश्यक पहल गर्नु पर्नेछ ।

आ) वुदा□ ६ (ख) अनुसार विद्यार्थीबाट उठाइएको रकम विभागीय प्रमुखले व्यवस्था गरे अनुसारले क्याम्पस प्रमुखले आवश्यक प्रकृया पुऱ्याई खर्च गर्नुपर्ने छ । यसरी खर्च गर्दा सुपरिवेक्षकलाई बढीमा २५% सम्म पारिश्रमिक दिन सकिने छ भने बा□की ७५% मध्येबाट २५% Project Report Seminar र Viva मा र ५०% Research Consumables को लागि खर्च गरिने छ ।

७) **वृति विकासको व्यवस्था :** B.Sc. चौथो वर्षको Project Work को पूर्णा□ हाल आएर १०० भएको (तीन वर्षे B.Sc. मा पूर्णा□ ५० रहेको) र यसको प्रकृति Report जस्तो मात्र नहरी Dissertation जस्तो हुन आएको हुदा यो विषयतर्फ Faculty हरूलाई अभिप्रेरित गर्न त्रि.वि. सेवा आयोगमा वृत्ति विकासको व्यवस्थाको लागि आवश्यक पहल गरिनुपर्नेछ । एउटा एकल वा एक संयुक्त Project work सुपरिवेक्षण गरे वापत ०.५०

अंक प्रदान गरिने व्यवस्था हुनु पर्ने छ । अधिकतम अंक ३ (तीन) सम्म दिईनु पर्ने व्यवस्थाको लागि राय प्रकट गर्दछौं ।

८) डीनको कार्यालयले Project Work सम्बन्धी कार्याशाला, गोष्ठी, आदी वार्षिक रूपले आयोजन गर्नु पर्नेछ । सो कार्यक्रममा हरेक विषयको उत्कृष्ट Project work लाई पुरस्कृत गर्ने व्यवस्था हुनु पर्नेछ । देशभरीको Project Report हरू डीनको कार्यालय, परीक्षा शाखाको माध्यमबाट विषय समितिहरूलाई उपलब्ध गराइनु पर्नेछ ।